**बैठक संख्या ५६** **मिति: २०७६/०३/०१**

आज मिति २०७६ साल आषाढ १ गते आइतबारका दिन अर्जुनधारा नगरपालिकाका प्रमुख श्री हरिकुमार राना ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका (बोर्ड ) मा देहाय बमोजिम उपस्थिती रह्यो ।

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| १. | अधिकृत (सातौं) | श्री विजयकुमार शर्मा | आमन्त्रित | |
| २. | सहायक (चौथो) | श्री सौजन कटुवाल | आमन्त्रित | |
| | | | | |

बैठक संख्या ५६ मिति २०७६/०३/०१

मिति २०७६ साल आषाढ १ गते बसेको बोर्ड बैठकको निर्णय

१. राजश्व परामर्श समितिबाट आगामी आर्थिक वर्षको लागि प्राप्त निम्न बमोजिमको बजेट सीमा तथा मार्गदर्शन अनुमोदन गर्ने र सोही सिलिङ्ग तथा मार्ग दर्शन भित्र रही बजेट तर्जुमा गर्ने ।

निर्णयहरू

१. आन्तरिक आय राजस्व बाँडफाँडबाट प्राप्त हुने आय नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण सशर्त अनुदान अन्य आयहरु समेतका आधारमा आगामी आ व ०७६।७७ का लागि देहाय बमोजिम आय प्रक्षेपण गरी बजेट सिमा निर्धारण गर्ने :

बजेट २०७६।७७ को प्रक्षेपित आय

| | | | |
|---|---|---|---|
| १ | केन्द्र सरकार | रु लाखमा | कैफियत |
| १.१ | वित्तिय समानीकरण | १६८९ | शिलिङ्ग प्राप्त |
| १.२ | राजस्व बाँडफाँड (VAT) | ११६७ | शिलिङ्ग प्राप्त |
| १.३ | सशर्त अनुदान | १७९० | शिलिङ्ग प्राप्त |
| १.४ | समपुरक अनुदान | | |
| १.५ | विशेष अनुदान | | |
| २ | प्रदेश सरकार | | |
| २.१ | वित्तिय समानीकरण | ७८.३४ | शिलिङ्ग प्राप्त |
| २.२ | राजस्व बाँडफाँड | | |
| | सवारीकर बाँडफाँड | १५८ | शिलिङ्ग प्राप्त |
| | खोलाकर (RBM विक्री बाट प्राप्त हुने ) | २५० | अनुमानित |
| | घर जग्गा रजिष्ट्रेशन | १५० | अनुमानित |
| | अन्य | | |
| २.३ | सशर्त अनुदान | १५० | अनुमानित |
| २.४ | समपुरक अनुदान | | |
| २.५ | विशेष अनुदान | | |
| ३ | नगरपालिका आन्तरिक आय | ५०० | अनुमानित |
| ३.१ | ढुङ्गा गिटी बालुवा सञ्चिती रकम | १०० | अनुमानित |
| ४ | अन्य आय | | |
| | सामुदायिक वन | | |
| | सडक बोर्ड | ४५ | |
| | पर्यटन पूर्वाधार विकास आयोजना | ५० | |
| | | | |
| ५ | सामाजिक सुरक्षा भत्ता | १४०० | |
| | जम्मा आय | | |

माथि उल्लखित रकमहरुमा थप घट भएमा सोहि अनुसार समायोजन गरी बजेट तथा कार्यक्रम तयार गर्ने ।

हरी कुमारी राना मगर
नगर प्रमुख

२. आगामी आ. व. मा भुक्तानी हुने गरी यस आ व मा नगर सभा तथा विभिन्न बोर्ड वैठकका निर्णयहरुबाट सृजित निम्न नगर स्तरीय दायित्वहरु घटाएर मात्र नगर गौरवका आयोजना विषयगत क्षेत्रहरु तथा वडागत शिलिङ्गलाइ छुट्ट्याउने ।

| | |
|---|---|
| १. अनपा वडा नं. ८मा निर्माणाधिन नयाँ व्यापारिक भवनका लागि | रु. एक करोड बिस लाख |
| २. वडा कार्यालय निर्माणका लागि (वडा नं. २ र ६) | रु नब्बे लाख |
| ३. शनिश्चरे बजार सार्न मुआब्जा | रु पाँच करोड |
| ४. जनता मा वि अनपा ३ | रु विस लाख |
| ५ नवदुर्गा आ वि अनपा ४ | रु आठ लाख |
| ६ भानु मा वि तथा समाजसेवि प्रा वि अनपा ५ | रु दस लाख |
| ७ महाराजीगंज मा वि अनपा ११ | रु चार लाख |
| जम्मा नगर स्तरीय दायित्व | रु सात करोड बाउन्न लाख |

३. विषय क्षेत्रगत बजेट सिमा देहाय बमोजिम निर्धारण गर्ने

| | |
|---|---|
| १ आर्थिक विकास | २.५ करोड |
| २ सामाजिक विकास | ३ करोड २० लाख |
| ३ पूर्वाधार विकास | ४.५ करोड |
| ४ वन वातावरण विपद | १ करोड |
| ५ सुशासन तथा संस्थागत विकास | १.८ करोड |

पाँच वटा विषय क्षेत्रगत वजेट सीमा जम्मा रु तेह्र करोड

४. चालू खर्चका लागि रु सात करोड नब्बे लाख सिमा निर्धारण गर्ने ।

५. नगर गौरवका आयोजनाहरुका हकमा देहायका दुइवटा आयोजनाहरु - १) खुदुनाबारी आइतबारे बजार व्यवस्थापन तथा कृषि व्यापारीकरण र २) शनिश्चरे बजार सौन्दर्यीकरण का लागि पचास पचास लाखका दरले रु एक करोड सिमा निर्धारण गर्ने ।

६. वडागत योजनाहरुका लागि रु नौ करोडको बजेट सिमा निर्धारण गर्ने । उक्त नौ करोड रुपैया देहाय अनुसार विभाजन गर्ने :

- रु छ करोड साठी लाख लाइ वडा स्तरीय समान अनुदान प्रत्येक वडा लाइ रु साठी लाखका दरले विनियोजना गर्ने

बाँकी रु दुइ करोड चालिस लाखलाइ भौगोलिक क्षेत्र जनसंख्या तथा राजस्व असुलीको आधारमा सूत्रवद्ध गरी बाँडफाँड गर्ने । यसरी सुत्रबद्ध गर्दा राजस्व असुलीलाइ ४० प्रतिशत तथा भौगोलिक क्षेत्र तथा जनसंख्यालाइ ३० / ३० प्रतिशत भार निर्धारण गर्ने । राजस्व असुली गणना गर्दा २०७६ साल चैत्र मसान्त सम्म प्राप्त राजस्वलाइ आधार मान्ने । जनसंख्या तथा क्षेत्रफलको गणना गर्दा

बैठक संख्या ५६ मिति २०७६/०३/०१

**चैत्र मसान्त सम्म प्राप्त राजस्वलाइ आधार मान्ने । जनसंखया तथा क्षेत्रफलको गणना गर्दा खुदुनाबारी गाविस पाश्र्व चित्र सर्भेक्षण २०७२।७३ तथा शनिअर्जुन नगरपालिका पाश्र्व चित्र सर्भेक्षण २०७१।७२ लाइ आधार मान्ने ।**

| वडा न | न्यनतम अनुदान | जनसंखया | जनसंखया प्रतिशत | क्षेत्रफल | क्षेत्रफल प्रतिशत | राजस्व असुली | राजस्व असुली प्रतिशत | भारित औषत अनुपात | सुत्रको आधारमा प्राप्त गर्ने | जम्मा प्राप्त गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 6000000 | 6308 | 0.0913 | 18.65 | 0.1698 | 405937.5 | 0.03297 | 0.0915 | 2196289.9 | 8196290 |
| २ | 6000000 | 5776 | 0.0836 | 15.76 | 0.1435 | 653415.4 | 0.05306 | 0.0893 | 2144369.28 | 8144369 |
| ३ | 6000000 | 6492 | 0.0940 | 16.85 | 0.1534 | 959795.2 | 0.07795 | 0.1054 | 2529299.22 | 8529299 |
| ४ | 6000000 | 6014 | 0.0871 | 12.63 | 0.1150 | 829249.07 | 0.06734 | 0.0875 | 2101127.26 | 8101127 |
| [illegible] | 6000000 | 8566 | 0.1240 | 10.71 | 0.0975 | 1658920 | 0.13472 | 0.1203 | 2888135.75 | 8888136 |
| ६ | 6000000 | 5465 | 0.0791 | 5.96 | 0.0543 | 1753047 | 0.14237 | 0.0970 | 2326973.01 | 8326973 |
| ७ | 6000000 | 4882 | 0.0707 | 3.16 | 0.0288 | 967682.6 | 0.07859 | 0.0613 | 1470411.3 | 7470411 |
| ८ | 6000000 | 5204 | 0.0753 | 3.53 | 0.0321 | 1542377 | 0.12526 | 0.0823 | 1976267.46 | 7976267 |
| ९ | 6000000 | 6967 | 0.1009 | 6.87 | 0.0625 | 1044991 | 0.08486 | 0.0830 | 1991163.5 | 7991163 |
| १० | 6000000 | 5563 | 0.0805 | 6.3 | 0.0573 | 1082581 | 0.08792 | 0.0765 | 1836763.22 | 7836763 |
| ११ | 6000000 | 7836 | 0.1134 | 9.44 | 0.0859 | 1415712.7 | 0.11497 | 0.1058 | 2539200.12 | 8539200 |
| | **66000000** | **69073** | **1.0000** | **109.86** | **1.0000** | **12313708.5** | | | **24000000** | **90000000** |

७. वडागत शिलिङ्गबाट बजेट योजना तथा कार्यक्रमहरु तर्जुमा गर्न वडाहरुलाइ देहाय बमोजिमका मार्ग दर्शन हरु प्रदान गर्ने :

- ➢ भौतिक पूर्वाधार निर्माण तर्फ रु पाँच लाख भन्दा कम विनियोजन गरी कुनै पनि योजना / कार्यक्रम तर्जुमा नगर्ने ।
- ➢ विगतमा जिल्ला विकास समिति वा गाविस / नगरपालिकाले शुरु गरी हालसम्म सम्पन्न हुन नसकेका क्रमागत तथा अधुरो रहेका भवन पुल कल्भर्ट खानेपानी जस्ता योजना लाइ प्राथमिकतामा राख्ने ।
- ➢ रकम विनियोजन गर्दा आयोजना कार्यक्रम पूर्ण रुपमा सम्पन्न हुने गरी पर्याप्त रकम विनियोजन गर्ने । अपर्याप्त रकम विनियोजन गरी अधुरो रहने गरी योजना छनौट नगर्ने ।
- ➢ योजना तर्जुमा गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १२ को उपदफा (२) को क (१) बमोजिम माग संकलन, प्राथमिक्किकरण तथा छनौट गर्ने ।
- ➢ स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १२ को उपदफा (२) को ग मा उल्लेखित विकास कार्यहरु कार्यहरु गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा गर्ने नीति अंगीकार गर्ने ।
- ➢ विद्युत पोल स्थानान्तरणका लागि आवश्यक रकम विनियोजन गर्ने ।
- ➢ नगरपालिका बाट अनुमोदित पाँच वटा विषयगत क्षेत्रहरु आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन, र सुशासन तथा संस्थागत विकासमा सन्तुलित एवम् न्यायोचित रुपमा बजेट विनियोजन गर्ने । मुख्यतया कृषि तथा पशुपंक्षि विकास उद्यमशिलता तथा

स्वरोजगार प्रवर्धन शिक्षा स्वास्थ स्वच्छ खानेपानी वन तथा भुसंरक्षण विपद व्यवस्थापन जलबायु परिवर्तन मा विशेष जोड दिने ।

- दिगो विकासका लक्ष्यहरु हासिल गर्ने राष्ट्रिय उद्देश्यलाइ मद्दत पुग्ने गरी यी लक्ष्यहरु प्राप्तिमा सहयोगी योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने ।
- बालमैत्री स्थानीय शासन, महिला मैत्री नगर, अपाङ्ग तथा ज्येष्ठ नागरिक, एवम आदिवासी, जनजाती, दलित मधेशी, एवम् पछाडि परेका वर्गहरुको उत्थान हुने किसिमका कार्यक्रमहरुमा विशेष जोड दिने ।
- आ व ०७५।७६ मा आगामी आ व ०७६।७७ का लागि सृजित वडा दायित्वहरु समेत यसै वडागत शिलिङ्ग भित्र रहनेछन ।

२. अर्जुनधारा नगरपालिका वडा नं ५ को वडा कार्यालय निर्माणका लागि बिष्णुकुमारी सापकोटाको नाममा दर्ता रहेको साविक वडा नं.७ (हाल वडा नं. ५) पाराखोपीको कि.नं ६५० को ज.वि. ०—११—५ (बकस प्रयोजन)मध्ये ०—५—० (५ कठ्ठा) अर्जुनधारा नगरपालिका वडा नं.५ निवासी श्री कञ्चन सापकोटाले प्राप्त गर्ने जग्गा मध्ये ज.वि. ०-५-० यस नगरपालिकालाई स्वेच्छाले प्रदान गर्नु भएकोमा सो जग्गा ग्रहण गर्ने र उक्त जग्गाको स्थानसम्म जाने बाटोको लागि जग्गा धनीले जग्गा उपलब्ध गराउने र सो बाटो विधुतीकरण लगायतका अन्य आवश्यक पूर्वाधार नगरपालिकाले निर्माण गर्ने ।

३. अर्जुनधारा नगरपालिका वडा नं १० को बाह्यि खोप केन्द्र स्थापनाका लागि साविक शनिअर्जुन नगरपालिका वडा नं ८ निवासी श्री दाताराम न्यौपानेको नाममा दर्ता कायम रहेको कि. नं १४६८, क्षेत्रफल ०—०—७.५ धनीले स्वेच्छाले प्रदान गर्नु भएकोमा सो जग्गा ग्रहण गर्ने ।

४.अर्जुनधारा नगरपालिका वडा नं १ स्थित हलुवागढ कालिखोला सिमसार पोखरी व्यवस्थापनका लागि आगामी आर्थिक वर्षको दायित्वमा रहने गरी रु ५लाख मात्र विनियोजन गर्ने ।

५. अर्जुनधारा नगरपालिका अन्तर्गतको प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृत श्री शुशिलाकुमारी यादवको मिति २०७६।०२।३२ गते भएको असामयिक निधन प्रति शोक प्रकट गर्दै मिति २०७६।०३।०१ गते नगरपालिका कार्यालय, अन्तर्गतका विषयगत शाखाहरु, वडा कार्यालयहरु, स्वास्थ्य चौकी अर्जुनधारा, सामुदियक स्वास्थ्य ईकाईहरु, प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरे (इमरजेन्सी सेवा बाहेक) र प्राथमिक स्वास्थ्य केन्द्र खुदुनाबारीको (बर्थिङ्ग सेन्टर बाहेक) शोक विदा दिने निर्णय गरियो ।

६. माता पाथिभरा उत्तरगंगा पर्यटन तथा प्रवर्द्धन समिति दुहागढी धाइजन झापालाई रु२५,०००।— आर्थिक सहयोग दिने निर्णय गरियो ।

२०७६/०३/०१

हरी कुमार राना मगर
नगर प्रमुख